## सूर्योदय नगरपालिकाको कन्याम पर्यटकीय क्षेत्रमा ट्रली व्यवसाय सञ्चालन तथा व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०७९

कार्यपालिकाबाट स्वीकृत मिति- २०७९/११/२८

**प्रस्तावना:** सूर्योदय नगरपालिकाको कन्याम पर्यटकीय क्षेत्रमा ट्रली व्यवसाय सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले सूर्योदय नगरपालिकाको कार्यपालिकाले यो कार्यविधि बनाइ लागू गरेको छ।

**१.संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम **सूर्योदय नगरपालिकाको कन्याम पर्यटकीय क्षेत्रमा ट्रली व्यवसाय सञ्चालन तथा व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०७९** हुनेछ।

(२) यो कार्यविधि कार्यपालिकाबाट पारित भई राजपत्रमा प्रकाशन भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ।

**२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) "मूल कार्यविधि" भन्नाले "सूर्योदय नगरपालिकाको कन्याम पर्यटकीय क्षेत्रमा ट्रली व्यवसाय सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५"लाई जनाउनेछ।

**३.** मूल कार्यविधिको दफा संख्या क्रमश: नभएकोले सो सच्याइएको छ।

**४.** मूल कार्यविधिको दफा २ को खण्ड (ख) पछि देहाय बमोजिमको खण्ड ख१ थप गरिएको छ।

(ख१) "नगर उपप्रमुख" भन्नाले सूर्योदय नगरपालिकाको "नगर उपप्रमुख" सम्झनुपर्छ।

**५.** मूल कार्यविधिको दफा २ को खण्ड (झ) र (ञ) हटाइएको छ।

**६.** मूल कार्यविधिको दफा ३ को खण्ड (ञ) पछि देहाय बमोजिमको खण्ड (ट) थप गरिएको छ।

(ट) खण्ड (ञ) बमोजिम ट्रली राख्नको लागि व्यवस्थापन समितिले तोकेको स्थानमा कोसेली पसल र कस्मेटिक पसलको कूल दर्ता संख्याको आधारमा व्यवस्थापन समितिले निर्धारण गरेको अनुपात कायम रहने गरी यो कार्यविधि जारी भएको दुई महिना भित्र र प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र ट्रली रहने स्थान र ट्रलीलाई संकेत नं. दिई गोला प्रथाद्वारा स्थान तय गरिनेछ।

**७.** मूल कार्यविधिको दफा ५ को खण्ड (च) पछि देहाय बमोजिम खण्ड (छ) थप गरिएको छ।

(छ) कार्यविधिको उल्लङ्घन गरिएको ठहर भएमा।

**८.** मूल कार्यविधिको दफा ६ को सट्टामा देहाय बमोजिमको दफा ६ राखिएको छ।

६. ट्रली व्यवसाय व्यवस्थापन समिति: कन्याम पर्यटकीय क्षेत्रमा सञ्चालनमा रहेका ट्रली व्यवसायलाई नियमित रूपमा सञ्चालन र व्यवस्थापन गर्न देहाय अनुसारको ट्रली व्यवसाय व्यवस्थापन समिति गठन गरिनेछ।

(क) वडा नं. ६, ७ र ८ का वडा अध्यक्षहरूमध्येबाट आपसी समझदारीबाट छनौट भएको १ जना वडा अध्यक्ष : संयोजक

(ख) वडा नं. ६, ७ र ८ का वडा अध्यक्षहरूमध्येबाट संयोजक बाहेकका २ जना वडा अध्यक्ष : सदस्य

(ग) नगर कार्यपालिकाको कार्यालयका पर्यटन प्रवर्द्धन शाखा हेर्ने अधिकृतस्तरको कर्मचारी १ जना : सदस्य

(घ) व्यवस्थापन समितिले मनोनयन गरेका महिला सदस्य २ जना : सदस्य

(ङ) सम्बन्धित वडाका वडा सचिव : सदस्य सचिव

**९.** मूल कार्यविधिको दफा ७ को खण्ड (छ) पछि देहाय बमोजिमको खण्ड (ज), (झ) र (ञ) थप गरिएको छ।

(ज) व्यवसायीहरूलाई व्यवसाय दर्ता/ दर्ता खारेजी/स्थान परिवर्तन/ व्यवसायको प्रकृति परिवर्तनको सिफारिस गर्ने।

(झ) दर्ता वाला ट्रली व्यवसायीहरूद्वारा सञ्चालित व्यवसाय विक्री/ नामसारी गर्नु परेमा हक हस्तान्तरण पछिको व्यवसायीले साविककै प्रकृतिको व्यवसाय सञ्चालन गर्ने गरी विक्री/नामसारीको सिफारिस गर्ने।

(ञ) कन्याम पर्यटकीय क्षेत्रभित्र सञ्चालन हुने ट्रलीको व्यवसायको आधारमा र कूल संख्या निर्धारण गरी सो को सिफारिस गर्ने ।

**१०.** मूल कार्यविधिको दफा ७ पछि देहायको दफा ८ थप गरिएको छ ।

**८. आचारसंहिता सम्बन्धी व्यवस्था:**

(१) ट्रली व्यवसायलाई व्यवस्थित रूपमा सञ्चालन गर्नका लागि नगरपालिकाले दफा ४ मा उल्लिखित मापदण्डका अतिरिक्त थप आचार संहिता तर्जुमा गरी लागु गर्न सक्नेछ ।

(२) यो कार्यविधि भएका व्यवस्था र उपदफा (१) बमोजिमको आचार संहिताको पालना गर्नु गराउनु ट्रली व्यवसायीको कर्तव्य हुनेछ ।

(३) ट्रली व्यवसायीले यो कार्यविधि र उपदफा (१) बमोजिमको आचार संहिता उल्लङ्घन गरेमा वा नगरपालिकाको नियम कानुनको बरखिलाप गरेमा वा कर्तव्य पालना गर्न गएका नगर प्रहरी वा जनपथ प्रहरी वा नगर कर्मचारीहरूलाई कर्तव्य पालन गर्न वञ्चित गरेमा नगरपालिकाले त्यस्ता व्यवसायीहरूको दर्ता खारेज गर्न सक्नेछ ।

**११.** मूल कार्यविधिको अनुसूची १ लाई दफा ३ को खण्ड (क) सँग सम्बन्धित हुने गरी सच्याइएको छ ।

**१२.** मूल कार्यविधिको अनुसूची २ लाई दफा ३ को खण्ड (झ) सँग सम्बन्धित हुने गरी सच्याइएको छ ।

**१३.** मूल कार्यविधिको अनुसूची ३ लाई दफा ४ को खण्ड (ख) सँग सम्बन्धित हुने गरी सच्याइएको छ ।